# नेपाल खाद्य संस्थान

## सहायक पाचौं तह (प्रशासन) मा बढुवाको लागि

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको लागि पाठ्यक्रम

लिखित परीक्षाको माध्यम नेपाली/अंग्रेजी हुनेछ ।

पूर्णाङ्कः २००

भाग १

| सि.नं. | पत्र | बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|---|
| १ | प्रथम पत्र | सामान्य ज्ञान र सामाजिक अध्ययन | १०० | वस्तुगत वहुउत्तर<br>छोटोछोटो उत्तर<br>लामो उत्तर | २५ X २<br>५ X ६<br>१ X २० | ५०<br>३०<br>२० | १ घण्टा |
| २ | द्वितीय पत्र | सेवा सम्बन्धी | १०० | छोटोछोटो उत्तर<br>लामो उत्तर | १० X ६<br>२ X २० | ६०<br>४० | १½ घण्टा |

भाग २ अन्तरवार्ता पूर्णाङ्कः ५०

(क) सामान्यज्ञान र सम्बन्धित बिषय वस्तुको ज्ञान -४०

(ख) व्यक्तित्व -१०

- अन्तरवार्तामा ६० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अङ्क दिंदा उचित कारण जनाउनु पर्नेछ ।
- भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरू मात्र भाग २ को अन्तर्वार्ता परीक्षामा सामेल हुन पाउने छन् ।
- भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको लिखित परीक्षाको प्राप्ताङ्क र भाग २ को अन्तरवार्ताको प्राप्ताङ्क जोडी योग्यताक्रमानुसार सिफारीश गरिनेछ ।

द्रष्टव्य :

१. आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षा दिने उम्मेदवारले संस्थानबाट निर्धारीत दरखास्त फाराम भरी आवेदन दिनु पर्नेछ । तोकिएको परीक्षा दस्तुर वापत बैंक भौचर वा बैंक ड्राफ्ट दरखास्त फाराम साथ बुझाउनु पर्नेछ ।

२. दरखास्त फाराम र पाठ्यक्रम तोकिएको स्थानबाट उपलव्ध हुनेछ ।

३. पाठ्यक्रममा भएको लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ३५ प्राप्ताङ्क मानिनेछ ।

४. वस्तुगत वहु उत्तरको प्रश्नपत्र र उत्तर पुस्तिका भिन्दै हुनेछ । परीक्षा समाप्त भएपछि प्रश्नपत्र र उत्तर पुस्तिका दुवै फिर्ता गर्नु पर्नेछ ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेको ऐन, नियमहरू परीक्षाको मिति भन्दा ३ महीना अगाडी संशोधन भएको वा संशोधित भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

कृ.उ.प

## पाठ्यक्रमको विस्तृत विवरण :

### प्रथमपत्र: सामान्य ज्ञान र सामाजिक अध्ययन

१. नेपालको भौगोलिक, ऐतिहासिक, साहित्यिक, आर्थिक, सामाजिक, वैज्ञानिक, सांस्कृतिक, राजनैतिक समसामयिक घटना सम्बन्धी सामान्य जानकारी ।
२. भौगोलिक आधारमा नेपालको विभाजन र प्रत्येक भागका बिशेषताहरू ।
३. नेपालको ईतिहास सम्बन्धी सामान्य जानकारी ।
४. नेपालको राजनैतिक विकास ।
५. बातावरण प्रदुषणका कारणहरू र यसबाट हुने खतराहरू । वातावरण स्वच्छ र सन्तुलित उपायहरू ।
६. नेपाल खाद्य संस्थान सम्बन्धी सामान्य जानकारी ।
७. बिश्वका महत्वपूर्ण घटनाको सामान्य जानकारी ।

### द्धितीय पत्र : सेवा सम्बन्धी

१. नेपाल खाद्य संस्थानको उद्देश्य, गठन सम्बन्धी जानकारी ।
२. व्यवस्थापन सम्बन्धी जानकारी :
योजना (Planning), संगठन (Organization), समन्वय (Co-ordination), नियन्त्रण (Control), स्टा (Staffing) र संचार (Communication) ।
३. कार्यालय कार्यविधी :
टिप्पणी र आदेश, पत्र मस्यौदा, फाईलिंग तथा पञ्जिका ।
४. लिलाम, बोलपत्र, करारनामा, वारेसनामा, मञ्जुरनामा बारे सामान्य जानकारी ।
५. नेपालको आर्थिक विकासमा सरकारी स्वामित्वमा रहेको संस्थानहरूको भूमिका ।
६. संस्थान ऐन, २०२१ ।
७. भ्रष्टाचार निवारण ऐन, २०५९ ।
८. करार ऐन, २०५६ ।
९ सुलुकी ऐन, भाग- ३ : कागज जांचको महल तथा जमानी गर्नेको महल ।
१०. आर्थिक कार्यविधी सम्बन्धी सामान्य जानकारी ।

* * * * *